# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# जानकी गाउँपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. ५३६

मिति: २०७७/०३/२८

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जानकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली ।


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ५३७ मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
जानकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड ४६ लाख ८३ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. ८ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख ५६ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. १ करोड ४९ लाख ९९ हजार तथा पेश्की बाँकी रु.८१ लाख ७४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**जानकी गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय एव उद्देश्य:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु

## आर्थिक वर्ष २०७५।०७६ को एकिकृत आय व्यय विवरण

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | ७२७८७३१८ | १. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | |
| | (क) नगद | | | | (क) वित्तीय समानीकरण चालु+पूँजीगत | | १०३०९०७२२. |
| | (ख) बैंक | | | | (ख) शसर्त अनुदान | | १३१८८६८१४. |
| | (अ) संचित कोष | ७२२५४२७९ | | | (ग) संघीय राजश्व बाँडफाँड | | ३३५१३५८४. |
| | (आ) विशेष कोष | | | | (घ) सामाजिक सुरक्षा कार्यक्रम | | ६८८५६८ |
| | (इ) धरौटी खाता | ५३३०३९ | | | (ङ) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ८५००० |
| २. | **आन्तरिक आम्दानी (राजश्व)** | | | | (च) प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३५५४४ |
| | (क) आन्तरिक श्रोतको आय | | ८५८२४०७.९५ | | (छ) सडक बोर्ड नेपाल | | ३००० |
| | (ख) मालपोत रजिष्ट्रेशन (राजश्व बाँडफाँड) | | ७२७२८५७ | | (ज) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | | २०३२ |
| ३. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | | (झ) हातिपाईले रोग निवारण कार्यक्रम | | ५९८० |
| | (क) समानीकरण अनुदान | | १३४४००००० | | (ञ) झुलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | १७००० |
| | (ख) शसर्त अनुदान | | २०२८१४५०० | २. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | |
| | (ग) संघीय राजश्व बाँडफाँड | | ५०५२५७७८.०६ | | (क) समानीकरण अनुदान | | ६३६९५ |
| | (घ) सामाजिक सुरक्षा कार्यक्रम | | ७०९७२००० | | (ख) प्रदेश राजश्व बाँडफाँड | | ३५३२९९९. |
| | (ङ) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ८५०००००० | | (ग) शिक्षा विकास निर्देशनालय | | ९७०० |
| | (च) प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३५५४४६४ | | (घ) राष्ट्रिय स्वयम्सेवक सेवा कार्यक्रम | | १४४० |
| | (छ) सडक बोर्ड नेपाल | | ३००००० | ३. | **आन्तरिक श्रोत** | | ४५५५३७३४. |
| | (ज) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | | २०३२०० | ४. | **धरौटी फिर्ता** | | ३४९० |
| | (झ) हातिपाईले रोग निवारण कार्यक्रम | | ५९८००० | ५. | **निकासा फिर्ता** | | ५८२१३९८०. |
| | (ञ) झुलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | १७००००० | ६. | **जनसहभागीता** | | ८४९७००. |
| ४. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७. | **बाँकी मौज्दात** | | ११६९३४९ |
| | (क) समानीकरण अनुदान | | ७५८५००० | | (क) बैंक | | |
| | (ख) प्रदेश राजश्व बाँडफाँड | | ३५३३००० | | (अ) संचित कोष | ६९७६६३९१.६३ | |
| | (ग) शिक्षा विकास निर्देशनालय | | ९७०००० | | (आ) चालु कोष | ३६०६९२२४.६१ | |
| | (घ) राष्ट्रिय स्वयम्सेवक सेवा कार्यक्रम | | १९८४०० | | (इ) पूँजीगत कोष | ११६३३१७.७१ | |
| ४. | **विभाज्य कोष** | | ९४०३००० | | (ई) धरौटी खाता | ५३३०३९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | **धरौटी आय** | | ३४९००० | | (उ) विभाज्य कोष | ९४०३००० | |
| ६. | **जनसहभागीता** | | ८७२५८० | | | | |
| | **जम्मा** | | ५८५१२१५०५.०१ | | **जम्मा** | | ५८५१२१५०५. |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|---|
| १. | | **बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन,२०७५ गाउँ सभाबाट मिति २०७५।३।२५ गते स्वीकृत भएको छ । गाउँ सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा गाउँपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २. | | **अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँसभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । | |
| ३. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । गाउँपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा गाउँपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई | |

| | | | |
|---|---|---|---|
| | | मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ५. | | **लेखाढाँचा :-** सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा गाउँपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन् :** | |
| ६. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७. | | **जिन्सी व्यस्थापन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी निरिक्षण मूल्यांकन समितिले प्रतिवेदन पेश गरेको छैन । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छ महिना | |

| | | | |
|---|---|---|---|
| | | भित्र लिलाम गर्नुपर्ने व्यवसथा छ । सो अनुसार लिलाम र मर्मत गरेको छैन । साथै गाउँपालिकाले जिन्सी खाता, सहायक जिन्सी खाता, पेश्की खाता लगायतका अभिलेखहरु सम्वन्धित शाखा प्रमुख तथा कार्यालय प्रमुखवाट प्रमाणित गरी राख्ने गरेको छैन । कार्यालयले खाताहरु प्रमाणित गरी जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नुपर्दछ । | |
| ८. | | **कन्टीजेन्सीको अभिलेख नभएको :-** गाउँपालिकाले योजनागत विवरण देखिने गरी कन्टीजेन्सी को अभिलेख राखी खर्च गर्नुपर्दछ । खर्चको वैङ्क नगदी किताव तथा आय व्यय विवरण तयार नगरी कन्टीजेन्सीको रकम खर्च गरेको छ । | |
| ९. | | **कार्यक्रम खाता :-** कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा तयार गरी प्रमाणित गराई राख्नुपर्दछ । गाउँपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन  तथा वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ । | |
| १०. | ७८।०७५।१ २।३० | **एकिकृत जिन्सी अभिलेख नराखेको :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । कार्यालयले  स्वास्थ्य शाखाको लागि खरीद  माइक्रोस्कोप सोही शाखामा दाखिला गरेको देखिएकोले मालसमानहरुको मुल अभिलेखमा आम्दानी नगरी भुक्तानी गरेका देखियो । मुल अभिलेखमा आम्दानी गर्नुपर्दछ । | |
| ११. | | **अबकाश कोषको ब्यबस्था** :- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ (२) मा स्थानिय तहले दरबन्दीमा कार्यरत प्रत्येक  कर्मचारीले खाईपाई आएको तलबको १० प्रतिशत मासिक रुपमा कट्टा गरी सो रकम बराबर थप गरी जम्मा गरी राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले कर्मचारीबाट १० प्रतिशत कट्टा र थप गरी अबकास कोषमा राखेको छैन। । यो वर्ष रु.५,००,०००।- विनियोजन गरेकोमा कोषमा जम्मा गरेको छैन । कोषको कार्यविधि तयार गरी कोषलाई नियमित र व्यवस्थित वनाउनु पर्दछ । | |
| १२. | | **चौमासिक प्रगति विवरण** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| १३. | | **गुरुयोजना तथा वार्षिक योजना :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ७ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य | |

| | | | |
|---|---|---|---|
| | | प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नियम ८ मा वार्षिक दश लाख रुपैयाँ भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन । नियमले गरेको व्यवस्था वमोजिम खरिदको गुरुयोजना तयार गर्ने र गुरुयोजनाको आधारमा वार्षिक खरिद योजना तयार गर्नुपर्दछ । | |
| १४. | | **योजना हस्तान्तरण :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तन्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन । | |
| १५. | | **स्थानिय संचितकोषमा रकम दाखिला नगरेको** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको चालु र पुँजिगत खातामा मौज्दात रहेको रकम आर्थिक बर्षको अन्तमा गाउँपालिकाको संचित कोषमा जम्मा हुने उल्लेख छ । गाउँपालिकाको निम्न खातामा रहेको अन्तिममौज्दात संचित कोषमा जम्मा गरेको देखिएन । उक्त रकम संचित कोषमा ट्रान्सफर गर्नुपर्दछ ।<br>चालु कोष खाता — ३६०६९२२४.६१<br>पुँजिगत खाता — ११६३३१७.७१ | |
| १६. | | **आन्तरिक लेखापरीक्षण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्षको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गराएको छ । आन्तरिक लेखापरीक्षण सम्बन्धि कानुनको तर्जुमा गरी आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । उपदफा ३ वमोजिम आन्तरिक लेखापरीक्षणले औल्याएका अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गरेको छैन । | |
| | | **<u>गाउँपालिका (चालु)</u>** | |
| १७. | | **स्थानीय तहका पदाधिकारी सुबिधा** :- सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार जानकी गाउँपालिकाले देहायबमोजिम रु.४६ लाख ५६ हजार पदाधिकारीको पारिश्रमिक वापत भुक्तानी गरेको छ ।<br>सि.नं. \| पदाधिकारीको नाम \| संख्या \| मासिक तलब \| महिना \| बार्षिक जम्मा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अध्यक्ष | १ | ३००००.०० | १२ | ३६००००.०० |
| | | | उपाध्क्ष | १ | २५०००.०० | १२ | ३०००००.०० |
| | | | वडा अध्यक्ष | ९ | २००००.०० | १२ | २१६००००.०० |
| | | | कार्यपालिका सदस्य | ६ | ८०००.०० | १२ | ५७६०००.० |
| | | | वडा सदस्य | २१ | ५०००.०० | १२ | १२६००००.०० |
| | | | जम्मा | | | | ४६५६०००.०० |

| | | | |
|---|---|---|---|
| १८. | १६।०७५। ७१९ | **पदाधिकारी बैठक भत्ता :-** सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा १२ महिनाको पारिश्रमिक पाउने व्यवस्था छ। अन्य भत्ता पाउने ब्यबस्थ गरेको छैन । कार्यालयले अध्यक्ष सहित २७ जना कार्यपालिका सदस्यहरुको बैठक भत्ता स्वरुप रु.४,०६,५००।- भुक्तानी गरेको देखिएकोले ऐनले गरेको व्यवस्था विपरितको खर्च असुल गरी दाखिला गर्नुपर्दछ । | ४०६५००.०० |
| १९. | | **अग्रिम कर घटि कट्टी** :- आय कर ऐन २०५८ को दफा ८७ मा पारीश्रमिक आयमा लाग्ने कर अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहायका कर्मचारीहरुको अतिरीक्त समय काम गरेको भुक्तानीमा घटि कर कट्टी गरेको देखिएकोले नपुग रकम असुल गरी दाखिला गर्नुपर्दछ । | ९९२१७.०० |

| भौ नं र मिति | कर्मचारीको नाम | भुक्तानी रकम षौष,माघ,फाल गुण | लाग्ने कर | कट्टी कर रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ३०७/०७६/१/२९ | प्रमुख श्री मात्री प्रसाद भट्टराई | ३६१९२.०० | ५४२८.०० | ३६१ | ५०६७.०० |
| | ले.अ. श्री लक्ष्मी ओड | २९९६०.०० | ४४९४.०० | २९९.०० | ४१९५.०० |
| | क.अ.श्री राजकुमार चौधरी | ३५३७९.०० | ५३०६.०० | ३५३ | ४९५३.०० |
| | श्री मेवालाल चौधरी | ३०४७४.०० | ४५७१.०० | ३०४.०० | ४२६७.०० |
| | का.स. श्री संगम बडायक | २७८०८.०० | ४१७१.० | २७८.०० | ३८९३.०० |
| ७५७/०७६/३/३१ | प्रमुख प्रशासकिय अधिकृत सहित जना ११लाइ ०७५ चैत्र ,०७६ बैशाख ,जेष्ठ र आषाढको अतिरीक्त समय भत्ता | ५४८८६८.०० | ८२३३०.०० | ५४८८.०० | ७६८४२.०० |
| | जम्मा | ७०८६८१.०० | १०६३००.० | ७०८३.० | ९९२१७. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ० | ० | ०० |

२०. **गाउँसभाको निति तथा कार्यक्रम :-** गाउँ सभाको निति तथा कार्यक्रम २०७५ ले उठान गरेका कतिपय विषयहरु मध्ये महत्वपूर्ण नितिहरुमा गाउँपालिकाले वजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएन । विपद जोखिम न्यूनिकरण, जलवायू परिवर्तनको असर न्यूनिकरण तथा जैविक विविधता संरक्षणको लागि दीर्घकालिन योजना वनाई कार्यान्वयन गर्ने गाउँपालिकाको समग्र विकास क्षेत्रलाई समेट्ने गरी दीर्घकालिन योजना अन्तर्गत ५ वर्षे आवधिक योजनाको निर्माण तथा कार्यान्वयन गर्ने निति अवलम्वन गरीने जस्ता विषयलाई सम्वोधन गरी वजेट विनियोजन तथा कार्यान्वयन गरेको पाइएन । दीर्घकालिन महत्वका योजना वनाई कार्यान्वयन तर्फ गाउँपालिकाले जोड दिनुपर्दछ ।

२३. **पेश्की बांकी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्तमा देहाय उपशिर्षकमा पेश्की बांकी देखाएकोले नियमानुसार समयमा नै पेश्की फछ्र्यौट हुनु पर्दछ । ८१७२११०.००

| बजेट उपशिर्षक नं | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| गाउँपालिका चालु | स्रोत ब्यक्ती श्री कलम बहादुर खड्का | ५०००००.०० |
| | स्रोत ब्यक्ती श्री कलम बहादुर खड्का | ३९००००.०० |
| | समाबेशी आवज मंच साफ नेपाल | १०००००.०० |
| | श्री मोहनलाल चौधरी | ७५०००.०० |
| | वि.वि.यस कन्ट्क्सन | ८०००००.०० |
| पूंजिगत | बंगलामुखी टि.डि. आर जे.भि कुपन्डोल ललितपुर निमार्ण पेश्की | ३०२८०००.०० |
| | खप्तड सांस्कृतिक परीवार टीकापुर | २००००.०० |
| | श्री दिपेश ठाकुर सडक बत्ती | ३२५००.०० |
| | ना.सु श्री राम बहादुर रावल | १५००००.०० |
| | खरीदार श्री देबेन्द्र कुमार चौधरी | २५०००.०० |
| | मुखिया श्री हरी बहादुर विष्ट | २३१०००.०० |
| संस्थागत | कैलाली नेत्रहिन संघ | ४००००.०० |
| | का.स श्री संगम बडायक कर्मचारी | ५६८६१०.०० |

| | | |
|---|---|---|
| | श्री गंगाराम चौधरी  कर्मचारी | १३९२०००.०० |
| | श्री टेक बहादुर हमाल | ४५००००.०० |
| | सुवर्ण वन उपभोक्ता समुह | २००००.०० |
| | नेपाल विद्युत प्राधिकरण टिकापुर वडा योजना | ३५००००.०० |
| | जम्मा | ८१७२११०.०० |

२४.

**आर्थिक वर्षको अन्तमा पेश्की :-** आर्थिक वर्षको अन्तमा केवल वजेट फ्रिज नगराउने हिसावले मात्र कसैलाई पेश्की दिनुहुदैन । कार्यालयले देहाय वमोजिमको पेश्की रकम आर्थिक वर्षको अन्तिम दिन उपलब्ध गराएको छ । वजेट फ्रिज नगराउने हिसावले मात्र पेश्की दिएको देखिन्छ ।

| भौ.नं र मिति | विवरण | रकम रु. |
|---|---|---|
| ८०८/२०७६/३/३१ | अनुगमन भत्ता पेश्की | १३९२०००.०० |
| ८०९/२०७६/३/३१ | न्यायिक समिति भत्ता | ३८५०००.०० |
| ८१०/२०७६/३/३१ | प्रोत्साहन भत्ता | ५६८६१०.०० |
| ५९९/२०७६/३/१९ | प्रोत्साहन भत्ता | ४६००००.०० |
| ६४६/२०७६/३/२४ | प्रशिक्षण | १२००००.०० |

२५. ९१६/२०७६ /३/३१

**कार्यक्रम भएको नदेखिएको :-** कार्यालयले अपाङ्गमैत्री कार्यक्रम अन्तर्गत रु.२,५०,०००।- को खर्चको विल भर्पाई राखी पेश्की फछ्र्यौट गरेको छ । अपाङ्गहरुलाई सिलाई मेशिन लगायत सामान खरीद गरी वितरण गरेको सादा भर्पाई राखेको छ । सवै सामान खरीद गरेको विलहरु राखेको, अपाङ्गमैत्री कार्यक्रमको कार्ययोजना वनाई कार्यक्रम नगरेको, अपाङ्ग सहभागिताको हाजिरी नभएको, प्रशिक्षण सम्वन्धि कुनै कार्य नभएको अवस्थामा केवल सामान खरीद गरेको विल भर्पाई मात्र पेश गरी भएको खर्चलाई नियमित खर्च मान्न सकिदैन । २५००००.००

२६.

**आर्थिक सहायता तथा चन्दा पुरस्कार** :- गाउँपालिकाले आर्थिक सहायता तथा चन्दा पुरस्कार बाँड्ने कानुनी ब्यबस्था गरेको देखिएन । कार्यालयले देहाय अनुसारको आर्थिक सहायता भनि रकम  बितरण गरेको देखियो । गाउँ सभा बाट निश्चित मापदण्ड तथा कार्यविधि  बनाई समानता हुनेगरी वितरण गर्नुपर्ने देखिन्छ ।

| भौ.नं र मिति | सहायता पाउँनेको नाम | रकम |
|---|---|---|
| ४८२//०७६/३/३ | वडा नं ५ श्री दिपक चौधरी | ५०००.०० |
| | वडा नं ५ श्री दिनेश  चौधरी | ५०००.०० |
| | वडा नं ५ श्री शिवराम  चौधरी | ५०००.०० |
| ४६९/०७६/२/३१ | नेपाल मगर संघ | ५०००.०० |

| | | | |
|---|---|---|---|
| | | ५४२/०७६/३/११; वडा नं ८ श्री पटवारी कठरीया; ५०००.०० | |
| | | **गाउँपालिका पूजिगत तर्फ** | |
| २७. | | **पेश्की जिम्मेवारी नसारेको :-** गाउँपालिकाले आर्थिक वर्ष २०७४।७५ मा गएको पेश्की नियमानुसार फछ्र्यौट हुन वाँकी आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सार्नुपर्दछ । गत वर्ष विभिन्न शिर्षकमा गरी रु.२,०२,३५,६५५।- पेश्की वाँकी रहेकोमा सो को आर्थिक वर्षको शुरुमै सम्वन्धित शिर्षकमा जिम्मेवारी सार्नुपर्नेमा सारेको छैन । | |
| २८. | २७।०७५।१२।३० | **कर दाखिला नगरेको :-** योजना कार्यान्वयन सम्वन्धि उपभोक्ता समितिलाई अभिमुखि कार्यक्रम संचालन गरी रु.२,०६,६५०।- खर्च भएको छ । सो खर्चमा कट्टा भएको कर रु.१२,४२०।- र कार्यपत्र र लेखन वापत रु.१५,३००।- को भर्पाई गरी जम्मा रु.२७,७२०।- को रकम वुझेको भर्पाई तथा कर दाखिला प्रमाण पेश गर्नपर्दछ । | २७७२०.०० |
| २९. | | **Provisional sum को कार्य नराखेको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम.... वमोजिम सार्वजनिक निर्माण कार्य गराउदा निर्माण व्यवसायीले श्रमिक, वस्तु तथा मेशिनरी औजारको वीमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मनुवा चोक देखि कन्चनपुर सडकसम्म कार्य वी.वी.एस. कन्सट्रक्सन संग रु.५१,३४,३५०।- मा सम्झौता गरी कार्य गराएको छ । सो सडक निर्माण कार्यमा कार्यालयले वनाएको लागत अनुमानमा वीमा तथा प्रयोगशाला परीक्षणका Provisional sum को आइटमहरु समावेश नगरेकोले निर्माण व्यवसायीले निर्माण कार्यमा न्यूनतम तथा अनिवार्य रुपमा गर्नुपर्ने उक्त कार्यहरु गरेको छैन । सार्वजनिक खरीद नियमावलीले गरेको व्यवस्था वमोजिमका विषयहरु समेटी लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | |
| ३०. | | **सालवसाली ठेक्काहरु समयमा पूरा नभएको :-** सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम कार्यालयले छनौट गरेका सालवसाली योजनाहरु आर्थिक वर्षको अन्तसम्म सम्पन्न गर्नेगरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ । चिलिमे चोक देखि गोलौरी सडक निर्माण कार्यमा वी.वी.एस. कन्सट्रक्सन संग कार्यालयले आ.व. २०७४।७५ मा सम्झौता गरी कार्य गराएको छ । आर्थिक वर्ष २०७४।७५ मा सम्पन्न गर्नुपर्ने सो कार्य म्याद थप गरी आ.व. २०७५।७६ को अन्तसम्म पुर्‍याएकोमा सो समय सम्म पनि कार्य सम्पन्न भएको छैन । सार्वजनिक खरीद नियमावली वमोजिम दिएको पेश्की रकम समेत सोही नियमावली वमोजिम गरिएको सम्झौतामा उल्लेख भए वमोजिम फछ्र्यौट गर्दै जानुपर्नेमा नियमानुसार फछ्र्यौट गरेको छैन । मिति २०७५।१२।३० मा भुक्तानी गरिएको प्रथम विल स्वरुप रु.२५,७०,७२०।- मा कार्यालयले रु.१,००,०००।- मात्र पेश्की फछ्र्यौट गरी पेश्की वाँकी रु.८,००,०००।- रही रहेको अवस्था छ । | |
| ३१. | | **एउटै सडकमा तीन ठेक्का :-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ९ मा एउटै प्याकेजमा गर्न सकिने कार्य एउटै निर्माण व्यवसायीवाट गराउनुपर्ने र सम्भव भएसम्म वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी ठेक्का व्यवस्थापनवाट निर्माण कार्य गराउनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले भगतपुर-लापकपुर सडक कालोपत्रे कार्यको लागि ch0+000 – 0+993.3 सम्म रु.९९,९९,१९६।- को लागत अनुमान तयार गरी वोलपत्रको | |

| | | | |
|---|---|---|---|
| | | माध्यमवाट ठेक्का व्यवस्थापन गरेको छ । लागत अनुमानको तुलनामा ४३% घटी कवोल गर्ने निर्माण व्यवसायी श्री रेखा निर्माण सेवा संग मिति २०७४।१२।०७ मा रु.५६,९९,५४१।- मा सम्झौता गरी कार्य गराएको छ । सोही वाटोमा कार्यालयले ch 1+600.3 – 1+776.3 km सम्म रु.१६,९२,७५३।- को लागत अनुमान वनाई सोही निर्माण व्यवसायी रेखा निर्माण सेवा संग रु.१६,५८,५७७।- (सिलवन्दी दरभाउपत्रको माध्यम) मा कार्य गर्नेगरी मिति २०७५।३।३ गते सम्झौता गरेको छ । एउटै निर्माण व्यवसायीसंग एउटै वाटोमा एउटै कार्यमा एकै प्याकेजमा गरेको अवस्थामा ४३% घटीमा कार्य गराउन सकिने अवस्था देखिन्छ । त्यसैगरी सोही वाटोमा ch 1+993.3 – 1+600.3 km सम्म रु.५९,९९,८३८।- को लागत अनुमान वनाई रु.३७,०९,८६५।- लागत अनुमानको तुलनामा ३८% घटीमा कार्य गर्नेगरी ठेक्का सम्झौता गरेको छ । कुल सडकको लम्वाई १ किलोमिटर ७७६ मीटर रहेको सडकमा एउटै लागत अनुमान तयार गरी कार्य गराएको अवस्थामा कम रकमवाट वढी कार्य गराउन सक्ने अवस्था देखिन्छ । एउटै सडकमा कार्यालयले लागत अनुमान ३ वटा तयार गरेको, कुनै खण्डमा primex carpet गरेको छ भने कुनै खण्डमा Double bituminous surface treatment , DBST गरेको छ सो गर्नुपर्नाको कारण खुलाएको छैन । एउटै प्याकेज वाट नगरी टुक्रा टुक्रा लागत अनुमान वनाई कार्य गराउदा सिलवन्दी दरभाउपत्रवाट गरेको कार्यमा गाउँपालिकालाई रु.६,९३,७०८।- वढी व्यवभार पार्नेगरी कार्य गराएको छ । | |
| ३१.१ | | त्यसैगरी कार्यालयले दुर्गौली चोक देखि कंचनपुर सडक सम्म एउटै सडक खण्डमा वोलपत्र तथा सिलवन्दी दरभाउपत्रवाट कार्य गराएको छ । वोलपत्रको माध्यमवाट ४३% घटी कवोल गरी ठेक्का नं. ३।०७४।७५ ले रु.५०,४६,८१६।- (मू.अ.कर वाहेक) सम्झौता गरी कार्य गराएको छ । सोही वाटोको अर्को खण्डमा ठेक्का नं. २।०७४।७५ ( सीलवन्दी दरभाउपत्र) ले रु.१७,०५,१७२।- मा सम्झौता गरी कार्य गराएको छ । एउटै प्याकेजमा नियमानुसार प्रतिस्पर्धा गरी कार्य गराएको अवस्थामा रु.११,३९,९२०।- मा कार्य गराउन सकिने अवस्था देखिन्छ । कार्यालयले रु.१७,०५,१७२।- कार्य गराएको कारण गाउँपालिकालाई रु.५,६५,२५०।- वढी व्ययभार पारेको छ । | |
| ३२. | २०७।०७५। ३।२७ | **ह्युमपाइप वितरण अभिलेख नभएको :-** कार्यालयले आर्थिक वर्षको अन्तमा रु.२१,५९,३३४।- वरावरको ह्युमपाइप सेती ह्युमपाइप तथा विद्युत पोल उद्योग प्रा.लि. संग खरीद गरी भुक्तानी गरेको छ । विभिन्न साइजको गरी ८७ थानको २१७.५ र.मि. खरीद भएको उक्त ह्युमपाइप कार्यालयमा मौज्दात नभएको तथा कार्यालय संग वितरण गरेको अभिलेख समेत नभएकोले सो को प्रमाण तथा प्रयोग भएको नापी किताब पेश गर्नुपर्दछ । | २१५९३३४.०० |
| ३२.१ | | उपर्युक्त खरीद कार्य स्वरुप रु.२,४८,४१९।- मूल्य अभिवृद्धिकर कट्टा भएकोमा सो को ५०% ले हुने रकम रु.१,२४,२१०।- भुक्तानी भएकै समयमा कार्यालयले कट्टा गरी जम्मा नगरेको कारण सो मूल्य अभिवृद्धिकर रकम जम्मा भएको प्रमाण पेश गर्नुपर्दछ । | १२४२१०.०० |

| | | | |
|---|---|---|---|
| | | **शिक्षा तर्फः** | |
| ३३. | ६२-०७५।१२।५ | **दिवा खाजा :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७७ अनुसार तोकिएका विद्यालयहरुलाई कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुको लागि विद्यालयगत तथ्यांकको आधारमा दैनिक रु.१५ का दरले १८० दिनको रकम दिवाखाजा वापत भुक्तानी गर्ने व्यवस्था रहेको छ । यस वर्ष ८ वटा विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई दिवा खाजा वापत रु. १६,२०,०००।- निकासा दिएकोमा विद्यालयले दिवा खाजा खुवाए नखुवाएको अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्दछ । | |
| ३३.१ | १६७-०७५।३।२४ | सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि १ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ । एक करोड सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, कन्टीजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनुपर्ने भन्ने व्यवस्था रहेको छ । गाउँपालिका अर्न्तगत जनता नमुना माध्यमिक विधालय सूधार गुरुयोजना कार्यका लागि रु.१,५०,००,०००।- गुरुयोजना तयार भएकोमा इन्जीनियर कोफर प्रा.लि. जडिवुटी ३५ वाट लागत इस्टीमेट तयार गरेको छ । लागत अनुमान कुन निकायवाट स्वीकृत हुनुपर्ने हो सो को स्वीकृत वेगर गाउँपालिकाले मिति २०७६।१।१९ मा विद्यालय व्यवस्थापन समिति संग सम्झौता गरेकोमा  एक करोड भन्दा माथिको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन नसकिनेमा गाउँपालिकाले १ करोड ५० लाख लागत अनुमान भएको निर्माण कार्य गराई यस वर्ष  विद्यालयलाई रु.१९,३७,७९२।- भुक्तानी दिएको छ । विद्यालय संग सम्झौता गर्दा विद्यालय व्यवस्थापन समितिले व्यहोर्ने अंश खुलाई सम्झौता गर्नुपर्नेमा सो नखुलाई सम्झौता गरी कार्य गराएको छ । | |
| | | **सामाजिक सूरक्षा तर्फ** | |
| ३४. | | **जेष्ठ नागरीक  दीर्घसेवा सम्पान कार्यकम :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को  २२ मा सामाजिक सुरक्षा भत्ता संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने ब्यबस्था रहेको छ ।  कार्यालयले कानूनको पालना नगरी स्थानीय तहको निर्णयको आधारमा  ९ वटै वडामा सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न गरेको छ । कानूनको पालना गरी बैक मार्फत भत्ता वितरण गर्नुपर्दछ । | |
| ३५. | | **रकम निकासा :-** सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४ सि.नं. १६ मा पहिलो चौमासिक किस्ता असोजको १गते  देखि दोस्रो हप्ता ,दोस्रो किस्ता माघ १ गते देखि दोस्रो हप्ता र तेश्रो चौमासिक जेष्ठको १ गते देखि दोश्रो हप्ताभित्रमा निकासा गरिसक्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहाय अनुसार ढिलो  निकासा दिएको देखिन्छ ।  कार्यविधिको पालना भएको देखिदैन । | |

| | | |
|---|---|---|
| प्रथम चौमासिक किस्ता पठाएको | २०७५/७/१२ | २३६५०६००.०० |
| दोस्रो चौमासिक किस्ता पठाएको | २०७५/१२/५ | २४४३२८००.०० |
| तेस्रो चौमासिक किस्ता पठाएको | २०७६/३/२ | २४३६०४००.०० |

| | | | |
|---|---|---|---|
| ३६. | | **संचित कोष दाखिला गर्नुपर्ने :-** सामाजिक सूरक्षा कार्यक्रम तर्फ बजेट रु.७,८८,६९,९३६।- मध्ये निकासा रु.६,९९,१४,४००।- र खर्च रु.६,९८,६६,४००।- बाँकी मध्ये १५११२ बेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएको छ । रु.४८,०००।- मिति २०७६।३।२२ मा संघीय संचित कोष दाखिला गर्नुपर्नेरकम स्थानिय संचित कोष दाखिला भएको देखिएको छ । निकासा मध्ये वाँकी रकम रु १०,५७,६००।- मिति २०७६।३२८ मा निकासा भन्दा कम खर्च भएको रु.४८,०००।- संघीय संचित कोष दाखिला गर्नुपर्दछ । | ४८०००.०० |
| ३७. | | **पेश्की बांकी** :- जेष्ठ नागरीक दीर्घ सेवा सम्मान उप शिर्षकको बैंक नगदी किताबको पेश्की पाएको महलमा रु.७,१०,१२,२००।- र फर्छ्यौट महलमा रु.७,१०,१०,२००।- गरेकोले रु.२,०००।- पेश्की बांकी देखिन्छ । उक्त पेश्की वडा नं २ का सचिब श्री देबेन्द्र कुमार चौधारीको नाममा रहेको देखिएकोले उक्त रकम असुली गरी संघीय संचितको दाखिला गर्नुपर्दछ । | २०००.०० |
| ३८. | | **मृत्यु भएका नागरीकलाई भत्ता भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा बिल भरपाई सहित लेखा राखी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार मृत्यु भएका नागरीकहरुलाई भत्ता वितरण गरेको देखिएकोले असुल गरी दाखिला गर्नपर्दछ । | ४००००.०० |

| विबरण | मृत्यु मिति | पाउने रकम | भुक्तानी रकम | बढि रकम |
|---|---|---|---|---|
| वडा नं १ गगरीया डगौरा थारु | २०७६/१/१७ | ४०००.०० | ८०००.० | ४०००.०० |
| वडा नं १ गरीवबुवा डगौरा थारु | २०७६/१/१६ | ४०००.०० | ८०००.० | ४०००.०० |
| वडा नं १ भालुराम डगौरा थारु | ०७६/२/८ | ६०००.० | ८०००.० | २०००.०० |
| वडा नं १ ललिया देवी थारु | ०७६/२/५ | ६०००.० | ८०००.० | २०००.०० |
| वडा नं ३ तेतराम थारु | ०७५/१०/८ | ६०००.० | ८०००.० | २०००.०० |
| वडा नं ३ महावीर डगौरा | ०७५/९/२९ | ४०००.० | ८०००.० | ४०००.०० |
| वडा नं ३ दील बहादुर साउद | ०७५/५/२९ | ४०००.० | ८०००.० | ४०००.०० |
| वडा नं ४ रोहिनी डगौरा थारु | ०७५/६/१५ | ६०००.० | ८०००.०० | २०००.०० |
| वडा नं ४ गुलियाा थारुनी | ०७५/४/१२ | २०००.० | ८०००.० | ६०००.०० |
| वडा नं ४ भिमा देवी पण्डित | ०७५/५/७ | ४०००.० | ८०००.० | ४०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडा नं २ कालु कामी | २०७६/१/३ | ४०००.० | ८०००.० | ४०००.०० | | |
| | | वडा नं ९ दिपे विश्वकर्मा | २०७५/६/२९ | ६०००.०० | ८०००.०० | २०००.०० | | |
| | | जम्मा | | | | ४००००.०० | | |

| | | | |
|---|---|---|---|
| ३९. | | **मूल्य अभिवृद्धि कर** :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक, २०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले देहायबमोजिमको कार्यमा रु.२,२२,२१०।-बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नपर्दछ । | २२२२१०.०० |

| भौ नं र मिति | बिबरण | बिल नं मिति | मुल्य अभिबृदि रकम |
|---|---|---|---|
| ५४५०७६/२/२७ | न्यू गौरव हार्डवेयर टीकापर | २७४,२७६ | ३२७१६ |
| ५०४/०७६/३/३ | अफिस फिनिसिड. होम टीकापुर | ०६/०७६/३/३ | ११४१२ |
| ५५९/०७६/३/१३ | ठेकलाइन इनठरनेश्न ललितपुर | १९१/०७६/१/२४ | १७५१९ |
| ६२४/०७६३/११ | महिला तथा वातावरण परीपद धनगढी | ०२/०७६/३/९ | ५६३११.०० |
| ६२३/०७६/३/२१ | सूचना प्रणाली सप्टवेर बुद्धगाउँ काठमाडौ | ०७/०७६/३/१३ | ५७२००.०० |
| ६/०७६/०३/३० | सुयोग निर्माण सेवा | | ४७०५२.०० |
| | जम्मा | | २२२२१०.०० |

| | | | |
|---|---|---|---|
| ४०. | | **बिलभरपाई** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको कारोबारहरुको बिलभरपाई बेगर भुक्तानी गरेकोले प्रमाण पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्दछ । | ९१२८००.०० |

| भौ नं मिति | विरण | रकम |
|---|---|---|
| ४/०७५/६/२६ | आलु बीउ खरीद २५र ५०% अनुदानका लागि १०००० केजी दर ५० | ३९३०००.०० |
| ५/०७५/६/२६ | न्यू कृषक सेवा केन्द्र को विल नं ५१५।०७५।६।२० तरकारी मिनिकिट ४०० पकेट दर १५० | ६००००.०० |

| | | |
|---|---|---|
| १६/०७५७/११ | कार्यक्रम खर्च भुक्तानी खरीदार श्री मेवालाल चौधरी रु ३६०००। बिल भरपाई रु २९५००। | ६५००.०० |
| १७/०७५/८/२ | कर व्यबस्थापन तालिम खर्च भुक्तानी खरीदार श्री मेवालाल चौधरी रु १७३८५०। गरेकोमा बिल भरपाइ रु १५९४५०। | १४४००.०० |
| ५४८/०७६/३११ | सामुदायिक चौपाय व्यबस्थापन समिति दुर्गौलीलाइ भुक्तानी | १४२९००.०० |
| ७९८/०७६/३/३१ | दिपेश नर्सरीको विल नं ३४०।०७६।३।३० बाट खरीद आँपको बिरुवा १२०० वटा दर १२५,लिची विरुवा ८०० वटादर १२०। अनार विरुवा ५००वटा दर १००। गरी रु | २९६०००.०० |
| | जम्मा | ९१२८००.०० |

| | | | |
|---|---|---|---|
| | | **आन्तरिक आय तर्फ** | |
| ४१. | | **नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) :-** गाउँपालिकाले नदीजन्य पदार्थको संकलन कार्यको ठेक्का व्यवस्थापन गर्दा लागत अनुमान रु.१,००,६४,२५०।- (मू.अ.कर वाहेक) को तयार गरी प्रतिस्पर्धाको माध्यमवाट रेखा निर्माण सेवाको कवोल अंक रु.१,००,७०,०००।- मा ठेक्का व्यवस्थापन गरेको छ । गाउँपालिकाले १३४१९० घ.मी. संकलन गर्नेगरी लगाएको ठेक्कामा नवयुग कन्सट्रक्सन प्रा.लि. ले रु.१,६०,००,०००।- कवोल गरेकोमा कार्यालयले सम्वन्धित पाटीले वैङ्क ग्यारेन्टी नराखेको भनि वोलपत्र अस्वीकृत गरेको छ । रेखा निर्माण सेवाले कवोल गरेको विड डकुमेन्ट केरमेट गरी दोहोरो लेखाङ्कन गरेको छ । अन्य गाउँपालिका - गाउँपालिकाले प्रति घन मी. रु.२१५।- दरले ठेक्का व्यवस्थापन गरेको अवस्थामा यस गाउँपालिकाले न्यूनतम अंक प्रति घन मी. रु.७५।- ल.ई. वरावर जस्तो नै गरी ठेक्का व्यवस्थापन गरेको छ । सार्वजनिक खरीद ऐन २०६३ को दफा ९ वमोजिम सम्भव भएसम्म खुलारुपमा वोलपत्र आह्वान गरी पूर्ण रुपमा प्रतिस्पर्धा गरेको अवस्थामा गाउँपालिकाको आयमा वृद्धि हुने देखिन्छ । | |
| ४१.१ | | सम्झौता वमोजिम रकम वुझाउने किस्ता कायम गरेकोमा सो किस्तामा ठेकेदारले रकम वुझाएको छैन । २०७५ चैत्र मसान्तसम्म सवै रकम वुझाउनुपर्नेमा आर्थिक वर्षको अन्तसम्म गरी रु.९४,००,०००।- मात्र वुझाएको छ । सम्झौता वमोजिम रु.१,००,७०,०००।- वुझाउनुपर्नेमा रु.६,७०,०००।- घटी वुझाएकोमा वुझाउन वाँकी रकम रु.६,७०,०००।- असूल गरी विभाज्य कोषमा जम्मा गर्नुपर्दछ । | ६७००००.०० |
| ४१.२ | | **मूल्य अभिवृद्धिकर नवुझाएको :-** नदीजन्य पदार्थको संकलन कार्यमा भएको कवोल अंक रु.१,००,७०,०००।- मा १३% ले हुने रकम किस्ता वुझाएको समयमा नै आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्नेमा ठेक्का अंकको १३% ले हुने रु.१३,०९,१००।- मूल्य अभिवृद्धिकर सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा वुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्दछ । | १३०९१००.०० |
| ४१.३ | | **संचित कोष जानुपर्ने :-** कार्यालयले विभाज्य कोषमा रहेको रु.९४,००,०००।- लाई प्रदेश सरकारको आर्थिक विधेयक, २०७५ को दफा ५ वमोजिम ४०% प्रदेश संचित | |

| | | | |
|---|---|---|---|
| | | कोषमा र ६०% स्थानीय संचित कोषमा पठाउनुपर्नेमा नपठाई रहेकोले सो रकम सम्वन्धित संचित कोषमा पठाउनुपर्दछ । | ९४०००००.०० |
| ४१.४ | | सो संकलन कर्ता रेखा निर्माण सेवाले सम्भौता वमोजिम कार्यालयवाट नगदी रसिद प्रमाणित गरी लगेको अवस्था छैन । प्रमाणित नगदी रसिदको प्रयोग नगरेको, कर संकलन पछी कट्टा गरिएको नगदी रसिद ३/३ महिनामा गाउँपालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन । सम्झौताको परिमाण अनुसार गरे नगरेको, तोकिएको कार्यक्षेत्र भन्दा वाहिर गै संकलन कार्य गरे नगरेको सो को अनुगमन कार्यालयले गरेको छैन । | |
| ४२. | | **रसिद नियन्त्रण खाता :-** गाउँपालिकाले नगदी रसिद प्रयोग हुने क्षेत्रहरुमा गएको सवै नगदी रसिदहरुको विवरण देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्दछ । प्राप्त राजश्व रकम दैनिक रुपमा वा प्राप्त भएको भोलीपल्ट बैंक जम्मा गरे गाउँको अनुगमन गरी जम्मा हुने वातावरण तयार हुनुपर्दछ । | |
| ४३. | | **आन्तरिक लेखापरीक्षण सम्वन्धमा :-** स्थानयि सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण वाट औल्याइएका कैफियत अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि सो गाउँकोले आन्तरिक लेखापरीक्षण वाट कायम भएका व्यहोरा हरु निम्नानुसार रहेका छन । | |
| १. | ५२/०७५/११/९ | च्याउ विउ वितरण कार्यक्रममा खर्च भएको रु.२,२५,०००।- को भुक्तानीमा रु २,०५,०००।- को विल भर्पाई मात्रै भएकोले वाँकी रकम रु.२०,०००।- असूल गर्नुपर्दछ । | २००००.०० |
| २. | ८०/०७६/३/११ | प्र.अ वैठक व्यवस्थापनको लागि खर्च लेख्दा विल भर्पाई वेगर भुक्तानी गरेकोले विल भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नपर्दछ । | ९१८९०.०० |
| ३. | १०/०७५/७/११ | कार्यादेश वेगर स्थानीय शासन सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रममा भुक्तानी गरेकोले उक्त कार्यक्रमको कार्यदेश पेश गर्नुपर्दछ । | ३६४००.०० |
| ४. | १७/०७५/८/२ | एकिकृत सम्पत्ति कर व्यवस्थापन तालिम कार्यक्रममा रकम वुझेको भर्पाई नभएको भर्पाई पेश गर्नपर्दछ । | ९३१५०.०० |
| ५. | ७६/०७६/१/१२ | पाठन शिप परिक्षण कार्यक्रम गरे वापत विद्यालय निरिक्षक श्री कमल वहादुर खड्कालाई रु.२,६१,०००।- भुक्तानी गरेकोमा रु.२,४४,०००।- वरावरको भर्पाई पेश गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | १७०००.०० |
| ६. | ५६६/०७६/३/१४ | विउ विजन खरीद गरी वितरण गरेकोमा भर्पाई नभएको सोको प्रमाण पेश गर्नपर्दछ । | २०००००.०० |
| ७. | ५७९/०७६/३/१६ | सृजनशील यूवा समाजलाई भुक्तानी गरेकोमा विल भर्पाई पेश नभएकोले विल भर्पाई पेश गर्नुपर्दछ । | १८०००.०० |
| ८. | ५८६/०७६/३/१८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सामान सहित रु.१०० का दरले जम्मा ७१ जनालाई वितरण गरेको भर्पाई नभएको भर्पाई पेश गर्नुपर्दछ । | ७१००.०० |
| ९. | ७२२/०७६ | वाढी पिडितलाई खाद्यान्न तथा सामाग्री वितरण गर्न श्री गगन सिंह साउद को नाममा | ७९२००.०० |

| | | | |
|---|---|---|---|
| | /३/२९ | भर्पाई वेगर भुक्तानी भएको रकमको भर्पाई पेश गर्नुपर्दछ । | |
| १०. | ८७७/०७<br>६/३/३१ | आदर्श मा.वि. खग्रोलीलाई पुस्तकालय स्थापनर्थ भुक्तानीमा कार्यसम्पन्न वेगर भुक्तानी भएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | २७८७८९.०० |

## गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची १

२०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | जानकी गाउँपालिका | कैलाली | ७२७८७ | १४१९८५ | ३६१४१८ | ८९३१ | ५१२३३४ | ३६०३३० | १०५९३९ | १९१७ | ४६८१८६ | ११६९३५ |

अनुसूची २

## बेरुजू वगींकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

२०७५।७६

रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा संख्या | | | | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गनुंपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | जानकी गाउँपालिका | ३३ | १० | २४६८३ | ० | ० | ० | ३३ | १० | २४६८३ | ८५४ | ६५६ | १४९९९ | ० | ० | १५६५५ | १८६७ | ६३०७ | ८१७४ |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति

२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | जानकी गाउँपालिका | कैलाली | ५५२३० | ० | ५५२३० | ० | २४६८३ | ७९९१३ |